कटारी नगरपालिका
Katari Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
कटारी, उदयपुर
Katari, Udayapur
स्था. २०७१

कोशी प्रदेश, नेपाल
Koshi Province, Nepal
EST. 2071

पत्र संख्या (Ref. No):- २०८३/८४
चलानी नं .(Dispatch No.) :

मिति(Date): २०८३/०६/०५

सूचना! सूचना!! सूचना!!!

## किसान सूचीकरण सहजकर्ता करार सेवाको लागि दरखास्त आव्हान गरिएको सूचना ।

प्रस्तुत विषयमा यस कटारी नगरपालिका कृषि विकास शाखाको आ.व.२०८३/८४ को वार्षिक स्वीकृत शसर्त कार्यक्रम तर्फको किसान सूचीकरण कार्यक्रम अनुसार **किसान सूचीकरण प्रणाली व्यवस्थापन तथा संचालन निर्देशिका २०८१** अन्तर्गत **खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धि ऐन २०७५ को दफा १४ को उपदफा १** कार्यन्वयनका लागि किसानको पहिचान गरि सरकारी तवरबाट किसानहरुलाई उपलब्ध गराइने सेवा सुविधाको पारदर्शिता तथा सुशासन अभिवृद्धि गर्न कृषि, पशुपछि तथा मत्स्य तथ्यांक अध्यावधिक कार्यक्रम प्रयोजनार्थ किसानहरुको आवश्यक विवरणहरु विधुतीय प्रणाली मार्फत संकलन गरि किसान सूचीकरण गर्ने कार्यक्रम रहेको व्यहोरा सबैको जानकारीको लागि अनुरोध छ । साथै **किसान सूचीकरण कार्यक्रम कार्यन्वयन कार्यविधि २०७७ को परिच्छेद ७ (जनशक्ति व्यवस्थापन) को दफा २** मा रहेको व्यवस्था अन्तर्गत यस नगरपालिकाका सबै वडाहरुमा सहजकर्ता (गणक) नियुक्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका कटारी नगरपालिका भित्रका ईच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशन गरिएको छ ।

१.आवश्यक पद:

| क.स | पद | माग संख्या | कैफियत |
|---|---|---|---|
| १. | किसान सूचीकरण सहजकर्ता (गणक) | ४ जना | • दरखास्तका लागि कटारी नगरपालिका भित्र बसोबास गर्ने नागरिक हुनु पर्नेछ।<br>• वडा नं.५ का उम्मेदवारलाई प्राथमिकता दिइने |

२.आवश्यक शैक्षिक योग्यता:

- मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरि कम्प्युटर सम्बन्धि आधारभूत तालिम लिएको हुनु पर्नेछ।
- इन्टरनेट चलाउन सक्ने ।
- एन्ड्रोइड फोन वा स्मार्ट फोन वा ट्याब्लेट वा ल्यापटप अनिवार्य भएको हुनु पर्ने ।
- कृषि तथा पशुसेवा विषय पढेकाहरुलाई पहिलो प्राथमिकता दिइने छ ।

कटारी नगरपालिका
Katari Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
कटारी, उदयपुर
Katari, Udayapur
स्था. २०७१
कोशी प्रदेश, नेपाल
Koshi Province, Nepal
EST. 2071

पत्र संख्या (Ref. No):- २०८३/८४
चलानी नं .(Dispatch No.) :
मिति(Date): २०८३/०६/०५

३. दरखास्त साथ संलग्न गर्नु पर्ने आवश्यक कागजातः

- नगरपालिकाको कार्यालयबाट प्राप्त हुने निर्धारित ढाँचाको आवेदन फाराम ।
- हालसालै खिचेको पासपोर्ट साइजको फोटो ३ प्रति ।
- शैक्षिक योग्यताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।
- नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि ।
- तालिम तथा अनुभवको प्रमाणित प्रतिलिपि ।

४. उमेरको हदः

- पुरुषको हकमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा ४० वर्ष ननाघेको हुनुपर्ने ।

५. तलब सुविधा तथा अन्य सेवा शर्तः

- कृषक घरधुरी संख्या (किसान सूचीकरण कार्यमा संलग्न सहजकर्ता र सम्पर्क व्यक्तिको सेवा सुविधा सम्बन्धि खर्चको मापदण्ड(नर्म्स),२०८२ अनुसार हुने ।

  समयावधिः बढीमा ३ महिना मात्र ।

६. दरखास्त बुझाउने स्थानः कटारी नगरपालिका (कृषि विकास शाखा) ।

७. दरखास्त शुल्कः निःशुल्क

.....................................
पिताम्बर सारु
प्रमुख प्रशासकीय अधिकृत